आज मिति २०८३/०५/२२ गते सोमबार विहान ७:०० बजे यस सराबल गाउपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउपालिका अध्यक्ष श्री सुखाडी प्रसाद चौधरी थारुको अध्यक्षतामा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

| क्र स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुखाडी प्रसाद चौधरी थारु | अध्यक्ष | |
| २ | बासमती चमार | उपाध्यक्ष | |
| ३ | बुद्धन प्रसाद चौधरी | सदस्य | |
| ४ | नरेन्द्र प्रसाद चौधरी | सदस्य | |
| ५ | फिरंगी चौधरी | सदस्य | |
| ६ | सुरेश प्रसाद यादव | सदस्य | |
| ७ | लक्ष्मण प्रसाद चौधरी | सदस्य | |
| ८ | छोटेलाल गुप्ता | सदस्य | |
| ९ | हेयात खाँ धुनिया | सदस्य | |
| १० | उर्मिला कुमारी थारु | सदस्य | |
| ११ | कौशिल्या देवी चमार | सदस्य | |
| १२ | ज्ञान्त्री कुमारी चौधरी | सदस्य | |
| १३ | नेमा चौधरी | सदस्य | |
| १४ | रामनिवास नाउ | सदस्य | |
| १५ | रामानन्द चमार | सदस्य | |
| १६ | श्रीप्रसाद गौतम | सचिव | |

**आमन्त्रित**

१. इश्वरी प्रसाद खनाल योजना शाखा प्रमुख
२. नरेश कोहार सहायक लेखा अधिकृत
३. अनिषा खद्दानी स्व.

**सहयोगी कर्मचारी**

१. रंगिला चौधरी कार्यालय सहयोगी
२. बिजय चौधरी नगर प्रहरी

## २०८३ भदौ २२ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु:

| क्र.सं. | शाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रशासन शाखा | ➢ मिति २०८३/०४/२६ को कार्यपालिकाको निर्णय समिक्षा गरियो. |
| २ | प्रशासन शाखा | ➢ सरावल गाउँपालिकाको आ.व. २०८२/०८३ को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) बाट प्राप्त अङ्क ७६.८ (छयात्तर दशमलव आठ) अनुमोदन गर्ने र जिल्ला समन्वय समितिमा पृष्ठपोषणको लागि पेश गर्ने, |
| ३ | शिक्षा शाखा | ➢ संघीय सरकारवाट प्राप्त विशेष अनुदान बाट दोस्रो वर्षको लागि प्राप्त रकम रु १,००,००,००० (एक करोड) गाउँपालिकाले पेश गरेको Proposal/DPR बमोजिम प्राप्त रकम बाँडफाँड गरी १५ (पन्ध्र) दिन भित्र पेश गर्नका लागि देहाय बमोजिमको समिति गठन गर्ने,<br>क. फिरंगी चौधरी – संयोजक<br>ख. वासमती हरिजन – सदस्य<br>ग. छोटेलाल गुप्ता – सदस्य<br>घ. रामानन्द हरिजन– सदस्य<br>ङ. प्रमोद यादव – सदस्य-सचिव |
| ४ | प्रशासन/विपद व्यवस्थापन शाखा | ➢ भोटेकोशी नदीमा आएको भिषण बाढीका कारण नदी तटीय क्षेत्रमा ठूलो जनधनको क्षति भएको हुँदा यस विपदको घडीमा विपद व्यवस्थापन कोषवाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु ३,००,०००/- (तीन लाख) आर्थिक सहयोग गर्ने र सरावल-१ निवासी श्री माधव चौधरी सोही बाढीमा वेपत्ता भएको तथा निजको पारिवारिक अवस्था नाजुक/विपन्न भएको हुँदा निजको घर निर्माणको लागि गाउँपालिकाले उपयुक्त ठाउँमा घर निर्माणको लागि आवश्यक आर्थिक सहयोग गर्ने साथै तत्काल खाद्यान्न सहयोग उपलब्ध गराउने, |
| ५ | प्रशासन शाखा | ➢ यस गाउँपालिकामा संस्था दर्ता गर्नका लागि निवेदन दिएको |

श्रीप्रसाद मौर्य
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | देहायका संस्था दर्ता गर्नको लागि अनुमती दिने,<br>क. गौतम बुद्ध युवा क्लब सरावल-४ नवलपरासी ब.सु.प., |
| ६ | प्रशासन शाखा | ➢ सरावल गाउँपालिकामा रिक्त रहेको नगर प्रहरी इन्चार्ज र सरावल-२ मनरी र सरावल-७ भुजहवा स्वास्थ्य चौकीमा रिक्त रहेको कार्यालय सहयोगी पदको खुला प्रतिस्पर्धात्मक परिक्षा सञ्चालन गरी पदपूर्ती गर्ने, |
| ७ | शिक्षा युवा तथा खेलकुद शाखा | ➢ शिक्षा समितिको देहायको मिति २०८३ भदौ १८ गतेको निर्णय अनुमोदन गर्ने, |

देहायः

**प्रस्ताव नं.१: करार म्याद थप सम्बन्धमा।**

**निर्णयः** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा धार्मिक विद्यालयहरुमा कार्यरत गाउँपालिका अनुदान शिक्षक, प्रशिक्षक, बाल विकास सहयोगी तथा धर्मगुरु र विद्यालय कर्मचारीहरुको करार म्याद सम्बन्धमा गाउँपालिका अनुदान, बाल विकास सहजकर्ता र विद्यालय कर्मचारी तथा कार्यालय सहायक व्यवस्थापन कार्यविधि, २०८२ को नियम (१३) को उपनियम (ख) मा गाउँपालिकाले अनुदान निरन्तरता दिएको खण्डमा करार नियुक्तिको म्याद विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार थप गर्न सकिने व्यवस्था भएको हुदाँ तथा आर्थिक वर्ष २०८३/०८४ का लागि पालिकाले करार गाउँपालिका अनुदान शिक्षक, प्रशिक्षक, बाल विकास सहजकर्ता, कार्यालय सहायक तथा धार्मिक गुरुहरुको लागि तलब भत्ता समेत विनियोजन भएकोले चालु आर्थिक वर्षको साउन महिनाको १ गते देखि नै लागु हुने गरी करार म्याद सम्बन्धित विद्यालयबाट थप भई आएकोले यस आर्थिक वर्षको लागि अनुमोदन गर्ने निर्णय गरियो

**प्रस्ताव नं. २ विद्यालय कर्मचारी (विद्यालय सहयोगी र विद्यालय सहायक/लेखापाल), बाल विकास सहकर्ता तथा सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताहरुको थप तलब भत्ता सम्बन्धमा।**

**निर्णयः**प्रस्ताव नं.२ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा धार्मिक विद्यालयहरुमा कार्यरत विद्यालय कर्मचारी (विद्यालय सहयोगी र विद्यालय सहायक/लेखापाल), बाल विकास सहकर्ता तथा सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताहरुको थप तलब भत्ता तपसिल अनुसारको दरमा संघीय अनुदानमा थप गरी मासिक गाउँपालिका बाट आर्थिक वर्ष २०८३/०८४ मा विनियोजित सम्बन्धित शीर्षकबाट साउन महिनाको १ गते देखि लागु हुने गरिदिनु हुन गाउँ कार्यपालिकालाई अनुमोदनको लागि सिफारिस गर्ने निर्णय गरियो।

ऋषिप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

तपसिल:

| क.स. | पद | मासिक थप तलब भत्ता | महिना | चाड पर्व खर्च वार्षिक |
|---|---|---|---|---|
| १ | विद्यालय सहयोगी | ९५००।- | १२ | ९५००।- |
| २ | विद्यालय लेखापाल/विद्यालय सहायक | १०५००।- | १२ | १०५००।- |
| ३ | सामुदायिक सिकाइ केन्द्र सहजकर्ता | १००००।- | १२ | १००००।- |
| ४ | बाल विकास सहजकर्ता | १००००।- | १२ | १००००।- |

**प्रस्ताव नं.३: गाउँपालिका अनुदान शिक्षक/प्रशिक्षक तथा कर्मचारीहरुको तलब भत्ता सम्वन्धमा।**

**निर्णय:** प्रस्ताव नं.३ माथि छलफल गर्दा गाउँपालिका अनुदानवाट तलब भत्ता खाने गरी यस गाउँपालिका अन्तर्गतका सामुदायिक तथा धार्मिक विद्यालयहरुका लागि विभिन्न मितिमा नियुक्त भएका तथा विज्ञापन भई पदपूर्ति हुन बाँकी रहेको समेत शिक्षक/प्रशिक्षक, बाल विकास सहजकर्ता र धार्मिक विद्यालयका धर्मगुरुहरुको मासिक तलब भत्ता (पर्व खर्च सहित १३ महिना ) र पोसाक खर्च तपसिल अनुसारको दरमा उपलब्ध गराउने गरी गाउँ कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो।

तपसिल:

| क.स. | पद | तह | आ.व. २०८२/०८३ | थप भएको | आ.व.२०८३/०८४ मा कायम हुने मासिक तलब | पोसाक खर्च वार्षिक |
|---|---|---|---|---|---|---|
| १ | शिक्षक/प्रशिक्षक | मा.वि. | ३५००० | ३००० | ३८०००।- | १००००।- |
| २ | शिक्षक | नि. मा.वि. | २८००० | ३००० | ३१०००।- | १००००।- |
| ३ | शिक्षक | प्रा.वि. | २७००० | ३००० | ३००००।- | १००००।- |
| ४ | बालविकास सहजकर्ता | | २०००० | २००० | २२०००।- | १००००।- |
| ५ | धर्मगुरु/मौलाना | आ.वि. | १६००० | २००० | १८०००।- | १००००।- |
| ६ | शिक्षक | माध्यमिक तह कक्षा (११-१२) | | | ४००००।- | १००००।- |

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ४: शिक्षक अनुदान कोटा वितरण सम्बन्धमा।

निर्णय: प्रस्ताव नं. ४ माथि छलफल गर्दा श्री महेन्द्र जनता माध्यमिक विद्यालय, सरावल-६, गडौरीमा कक्षा (११-१२) मा संघीय अनुदान वा दरवन्दीको शिक्षक नभएको हुदाँ दिउँसो कक्षा सञ्चालन गर्न समस्या भएकोले विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षक (नेपाली-१ र अंग्रेजी-१) व्यवस्थापनको लागि निवेदन पेश भई आएको तथा आदर्श माध्यमिक विद्यालयबाट समेत गाउँपालिका अनुदान कोटामा अंग्रेजी विषय शिक्षक माग निवेदन पेश भई आएकोले तपसिल अनुसारको विद्यालयमा गाउँपालिका अनुदान कोटा शिक्षक दरवन्दी कायम तथा विज्ञापनका लागि अनुमतीदिन सरावल गाउँ कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो।

तपसिल:

| क्र.स. | विद्यालयको नाम र ठेगाना | तह | विषय | गाउँपालिका अनुदान शिक्षक कोटा संख्या |
|---|---|---|---|---|
| १ | महेन्द्र जनता माध्यमिक विद्यालय, सरावल-६, गडौरी | माध्यमिक तह कक्षा (११-१२) | नेपाली र अंग्रेजी | नेपाली-१ र अंगेजी-१ |
| २ | आदर्श माध्यमिक विद्यालय, सरावल-१, खोखरपुरा | आधारभूत तह कक्षा (६-८) | अंग्रेजी | १ (एक) |

प्रस्ताव नं. ५: गाउँ शिक्षा योजना निर्माण तथा अद्यावधिक कार्यदल गठन सम्बन्धमा।

निर्णय: प्रस्ताव नं. ५ माथि छलफल गर्दा स्थानीय तहको शिक्षा योजना निर्माण सम्वन्धी मार्गदर्शन, २०७९अनुसार सरावल गाउँ शिक्षा योजना निर्माण तथा अद्यावधिकका लागि सरावल गाउँ कार्यपालिकाको मिति २०८३/०४/२६ गतेको निर्णयानुसार तपसिल अनुसारका पदाधिकारीहरु रहने गरी कार्यदल गठन गर्ने निर्णय गरियो। समितिले आवश्यकता अनुसार विज्ञ आमन्त्रित गर्न सक्नेछ।

तपसिल:

| क्र.स. | पदाधिकारीहरुको नाम थर | पद |
|---|---|---|
| १ | श्री सुखाडी प्रसाद चौधरी (गाउँपालिका अध्यक्ष) | संयोजक |
| २ | श्रीप्रसाद गौतम (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य |
| ३ | श्री फिरंगी चौधरी (सामाजिक विकास समिति संयोजक) | सदस्य |
| ४ | श्री देवनारायण चौधरी (प्र.अ.,आदर्श मा.वि.) | सदस्य |
| ५ | श्री गोविन्द प्रसाद गौतम (प्र.अ., वसन्त मा.वि.) | सदस्य |
| ६ | श्री टंक प्रसाद शर्मा (शिक्षक, जनता मा.वि. मनरी) | सदस्य |

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ७ | श्री प्रेम बहादुर थापा (सहायक शिक्षा अधिकृत) | सदस्य |
| ८ | श्री विरेन्द्र प्रसाद कुर्मी (प्र.अ., सूवंशी कन्या आ.वि.) | सदस्य |
| ९ | श्री विष्णु प्रसाद चौधरी (प्र.अ., बसन्त जेनिथ इङ्गलिश स्कूल) | सदस्य |
| १० | श्री टोप प्रसाद देवकोटा (शिक्षक, आदर्श मा.वि.) | सदस्य |
| ११ | श्री प्रमोद यादव (वरिष्ठ शिक्षा अधिकृत) | सदस्य-सचिव |

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत